# कनकासुन्दरी गांउँपालिका
# गांउ कार्य पालिकाको कार्यालय
## कृषि विकाश शाखा

प.सं. २०७९/०८०

बिराट जुम्ला

च.नं.

कर्णाली प्रदेश नेपाल

ईमेल ठेगाना: ito.kankasundarimun@gmail.com

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/२० गते** **सुचना नं. ४**

विषय : आवश्यक निलोथुतो र चुना मागका लागि प्रस्ताव आव्हानको सुचना

प्रस्तुत विषयमा यस कनकासुन्दरीगाउँपालिका अन्तगर्त **कृषि विकास शाखाको आ.व. २०७९/०८० दोर्सो चौमासिकको** बार्षिक स्वीकृत वितिय समानीकरण वजेट अनुदानमा **निलोथुतो र चुना वितरण (७५%) अनुदान कार्यक्रम** संचालन गरिने भएकोले गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण वडाहरुमा गठन भएका कृषक समुह ,कृषि सहकारी र निजि फर्महरुले सुचना प्रकाशित भएको **मितिले** १० दिन **(मिति २०७९/०९/३० गते)** भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा आवश्यक **निलोथुतो र चुना** माग गरि निम्नानुसारका सर्त पालनाका लागि आवश्यक कागजातहरु यस कृषि विकास शाखामा पेश गर्नु पर्ने छ | यो प्रस्तावना भूगोल,अनुसार प्राथमिकता र सम्भाव्यताका आधारमा निलोथुतो र चुना मागका लागि उपलव्ध गरिने छ | म्याद नाघि आएका निवेदन माथि कुनै कारबाही हुने छैन|

पालनाका लागि आवश्यक सर्त

१. कृषक समुह ,कृषि सहकारी र निजि फर्महरुले आफ्नो विरुवाको सख्या उल्लेख गर्नुपर्ने छ|
२. कृषक समुह ,कृषि सहकारी र निजि फर्महरुले प्रति केजी मुल्य (निलोथुतो रु. १७५ ) र (चुना रु. २० ) २५% अगाडी यस कृषि विकास शाखामा दिनु पर्ने छ | उपलव्ध नगरेको कृषक समुह ,कृषि सहकारी र निजि फर्महरुले सामान दिइने छैन |
३. यस कृषि विकास शाखामा नियमानुसार सुचीकृत गरेको कृषक समुह ,कृषि सहकारी र निजि फर्म लाई प्रथामिकता दिइने छ |

निवेदनमा पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. वडा कार्यालयको सिफारिस
२. कृषक समुह /कृषि सहकारी /निजि फर्म दर्ता प्रमाण पत्रको (नवीकरण भएको) प्रतिलिपि
३. कृषक समुह /कृषि सहकारी को निर्णय प्रतिलिपि
४. सहकारी संस्थाको हकमा गत आ.व को कर चुक्ता प्रमाण पत्र र लेखा परिक्षण प्रतिवेदन
५. संस्था वा फर्मको हकमा प्यान र भ्याट प्रमाण पत्रको प्रतिलिपि
६. नेपाली नागरिकताको प्रतिलिपि
७. कृषक समुह /सहकारी / निजि फर्महरुले स्याउ लगाएको जग्गाको लालपुर्जाको प्रतिलिपि
८. निवेदन सगै रु १० को टिकट टाँस गरिएको हुनुपर्नेछ